त्रियुगा नगरपालिका

# जनतासंग मेयर तथा उपमेयर कार्यक्रम संचालन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : -२०७८/०३/२९

त्रियुगा नगरपालिका

गाईघाट,उदयपुर

। २०७८।०३।२९ को कार्यपालिका बैठकबाट
कृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

नि. प्रमुख प्रशासकिय अधिकृत

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रम संचालन कार्यविधि, २०७८

प्रस्तावनाः

नगरपालिकाले तथ्य तथा सन्तुलनमा आधारित आर्थिक सामाजिक तथा पूर्वाधार विकासमा जनताको प्रतिनिधीको रुपमा निर्वाचित नगर प्रमुख तथा उप प्रमुखवाट जनता प्रतिको दायित्व वोध गर्ने उद्देश्यले त्रियुगा नगरपालिकाको समग्र भुगोललाई समेटेर जनतासंग मेयर तथा उपमेयर कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि कार्यविधी तर्जुमा गर्न वान्छनीय भएकाले त्रियुगा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम त्रियुगा नगरपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रम संचालन कार्यविधि, २०७८" रहेको छ ।

(ख) यो कार्यविधि त्रियुगा नगरपालिका नगर कार्यपालिकावाट पारित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले "त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रम संचालन कार्यविधि, २०७८" सम्झनु पर्दछ ।

(ख) कार्यक्रम भन्नाले "त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रम" सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले "त्रियुगा नगरपालिकाको प्रमुख" सम्झनु पर्दछ ।

(घ) "उपप्रमुख" भन्नाले "त्रियुगा नगरपालिकाको उपप्रमुख" सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले "त्रियुगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत" सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले " त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रम व्यवस्थापन तथा संचालन समिति " सम्झनु पर्दछ ।

## परिच्छेद २

## अध्ययनका बिषयसम्बन्धी व्यवस्था

३. त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रमसंग सम्वन्धित विषय :

(१) आर्थिक विकास संग सम्वन्धित तथा प्रासंगिक हुनुपर्नेछ ।

(२) सामाजिक क्षेत्रसंग सम्वन्धित तथा प्रासंगिक हुनुपर्नेछ ।

मिति २०७८।०३।२९ को कार्यपालिका वैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

(३) शिक्षा तथा स्वास्थसंग सम्वन्धित तथा प्रासंगिक हुनुपर्नेछ ।

(४) विपद व्यवस्थापन संग सम्वन्धित तथा प्रासंगिक हुनुपर्नेछ ।

(५) पुर्वाधार विकाससंग सम्वन्धित तथा प्रासंगिक हुनुपर्नेछ ।

(६) समितिले उपयुक्त ठानेका अन्य बिषयहरु ।

४. कार्यक्रममा प्राथमिकताका बिषयः

(१) देहायका बिषयलाई कार्यक्रममा छनौटमा प्राथमिकता प्रदान गरिनेछः

१. शहरी सुशासन, कानुनी शासन, जनसहभागिता, न्यायपूर्ण समाज

२ इतिहास, कला, संस्कृति, परम्परा र अभ्यासहरुको संरक्षण ; शहरी सांस्कृतिक नीतिको विकास,

३ शहरी योजना, शहरी चित्रण, भवन निर्माण शैली, यातायात, पूर्वाधार विकास,

४ शिक्षा, सामाजिक विकास ,लैङ्गिक तथा सामाजिक समावेशीकरण , अपाङ्गता भएका व्यक्ति,

५ स्थानीय आर्थिक विकास, शहरी वित्त, उद्यमशीलता, मानव पूँजीको व्यवस्थापन,

६ शहरी सवाल, गरीबी, अनियन्त्रित अनधिकृत वस्तीहरु, सडकमानव व्यवस्थापन,

७ विपद व्यवस्थापन तथा जलवायु परिवर्तनका निमित्त तयारी ; कोभिड १९ बाट सिकिएका पाठहरु ;जलवायु परिवर्तनबाट हुने प्रतिकुल असरहरु घटाउने तथा अनुकूलन वातावरण मैत्रि तथा व्यवसायिक पूर्वाधारहरु ; भवन निर्माण सम्बन्धि ,

८ स्वास्थ, गुणात्मक जिवन र खुशीको मापन ;

९ वातावरण, दिगो विकास ,प्रदुषण व्यवस्थापन ,जल पुनर्भरण ,

१० फोहरमैला व्यवस्थापन,

११ स्मार्ट शहरको विकास ;

१२ त्रियुगा नगरपालिकाको नीति, योजना, बिकास तथा शहरी व्यवस्थापनसंग सम्बन्धित समितिको निर्णय बमोजिमका यस्तै प्रकृतिका अन्य बिषयहरु ।

(२) जनतासग मेयर र उपमेयर कार्यक्रममा विनियोजित वजेटवाट कार्यपालिकावाट निर्णय गरि देहायका विषयहरुमा आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

(क) नगरका विपन्न नागरिक, असहाय गरिव, असाध्य रोगबाट ग्रसीत तथा प्रकोप प्रभावित नागरिकहरुलाई आर्थिक सहयोग ।

(ख) सामाजिक सास्कृतिक धार्मिक सघ सस्था एव समुदाय विशेषको महत्वको चाडपर्वहरुको संरक्षण र प्रर्वद्रन गर्न सहभागिता आर्थिक ।

मिति २०७८।०३।२९ को कार्यपालिका बैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

## परिच्छेद ३

## व्यबस्थापन तथा संचालन समिति सम्बन्धी व्यबस्था

५. त्रियुगा नगरपालिकाको जनतासंग मेयर कार्यक्रमसंग सम्बन्धित बिषयको छनौट व्यबस्थापन तथा संचालन समितिः

(१) कार्यक्रमको छनौट गर्न मूल्यांकन तथा समिक्षा लगायतका कार्य गर्न देहाय बमोजिमको व्यबस्थापन तथा संचालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | प्रमुख | अध्यक्ष |
| २ | प्रमुखले तोकेका दुई जना कार्यपालिका | सदस्य |
| ३ | सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| ४ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार बैठकमा बिषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यबिधी आँफै निर्धारण गर्न सक्नेछ ।

(६) त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रमसंग सम्वन्धित बिषयको छनौट यस समितिको बहुमतवाट हुनेछ ।

(७) बैठकमा उपस्थित भएबापत बिषय बिज्ञलाई प्रति बैठक भत्ता बापत रु २००० (दुई हजार ) तथा पारवहन भत्ता बापत रु १०००। (एक हजार ) प्रदान गरिनेछ ।

६. त्रियुगा नगरपालिकाको जनतासंग उपमेयर कार्यक्रमसंग सम्वन्धित बिषयको छनौट व्यबस्थापन तथा संचालन समितिः

(१) कार्यक्रमको छनौट गर्न मूल्यांकन तथा समिक्षा लगायतका कार्य गर्न देहाय बमोजिमको व्यबस्थापन तथा संचालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | उपप्रमुख | अध्यक्ष |
| २ | उपप्रमुखले तोकेका दुई जना कार्यपालिका | सदस्य |
| ३ | सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| ४ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार बैठकमा बिषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यबिधी आँफै निर्धारण गर्न सक्नेछ ।

मिति २०७८।०३।२९ को कार्यपालिका बैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

(६) त्रियुगा नगरपालिकाको जनतासंग मेयर तथा उपमेयर कार्यक्रमसंग सम्वन्धित बिषयको छनौट यस समितिको बहुमतवाट हुनेछ ।

(७) बैठकमा उपस्थित भएबापत बिषय बिज्ञलाई प्रति बैठक भत्ता बापत रु २००० (दुई हजार ) तथा पारवहन भत्ता बापत रु १०००। (एक हजार ) प्रदान गरिनेछ ।

## परिच्छेद ४
## बिबिध

६ सहकार्य तथा समन्वयः समितिले दफा ४ मा उल्लेखित विषयमा अन्तर स्थानिय तहसँग समेत सहकार्य तथा समन्वय गरी अध्यन गर्न गराउन सक्नेछ ।

७ बाधा अड्काउः यस कार्यविधिको प्रयोग वा कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा परेमा त्रियुगा नगरपालिका नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

मिति २०७८।०३।२९ को कार्यपालिका बैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

नि प्रमुख प्रशासकिय अधिकृत